मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

६ जेठ २०८१, आइतबार
19 May 2024, Sunday

'अवैधरुपमा विदेश गएर जोखिममा परेकालाई उद्धार गर्न छुट्टै कोष'

काठमाडौं/मस- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले गैरकानूनी माध्यमबाट वैदेशिक रोजगारीमा गएर जोखिममा परेका श्रमिकलाई उद्धार गर्नका लागि छुट्टै कोष स्थापना गर्ने तयारी गरिएको बताएका छन् । शनिबार सुर्खेतमा आयोजित पत्रकारसँगको भेटघाट कार्यक्रममा बोल्दै मन्त्री अर्यालले हालको कानून, व्यवस्थाअनुसार श्रम मन्त्रालयले श्रम स्वीकृति लिएर जाने श्रमिकलाई मात्रै उद्धार गर्दै आएकाले अन्यका लागि छुट्टै प्रबन्ध गर्नुपरेको बताए ।

हाल विदेशमा गएका श्रमिकले कल्याणकारी कोषमा जम्मा गरेको कोषमार्फत जोखिममा परेका कामदारको उद्धार गरिँदै आएको छ । तर गैर कानूनीरुपमा गएका श्रमिकलाई उद्धार गर्ने कोष सरकारसँग नभए पनि मन्त्रिपरिषद्को निर्णयले रकम निकाशा गरी उद्धार गर्ने गरिएको छ । मन्त्री अर्यालले गैर कानूनीरुपमा गएका श्रमिक पनि नेपाली नागरिक नै भएकाले उनीहरुको उद्धार गर्नु सरकारको दायित्व भएको हुँदा छुट्टै कोषको व्यवस्था गर्नका लागि आगामी बजेटमा व्यवस्था गर्न अर्थ मन्त्रालयसँग प्रस्ताव गरिएको बताए ।

त्यस्तै मन्त्री अर्यालले वैदेशिक रोजगारीको नाममा ठगिएमा तुरुन्तै वैदेशिक रोजगार विभाग र सम्बन्धित निकायमा उजुरी दिन आग्रह गरे । उनले भने, 'त्यो सम्भव भएन भने पनि हाम्रो सचिवालयमा ठगी गरेको संस्था वा व्यक्तिको विवरण टिपाउनु होस् । ठगी गर्ने व्यक्ति वा संस्थालाई निर्मम भएर कारबाही गरिनेछ ।'

छलफलमा पत्रकारहरुको प्रश्नको जवाफ दिँदै मन्त्री अर्यालले अगामी दिनमा श्रमिकलाई अनिवार्यरुपमा सीप तालिमको व्यवस्था गरिने, रोजगार बैंक स्थापना गरिने, भारतमा जाने श्रमिकको तथ्यांक संकलन गरिने जानकारी दिए ।

'हेल्थ याद आयो'को स्वास्थ्य शिविरमार्फत मोबाइल एपबाट सम्पूर्ण स्वास्थ्य सेवा

काठमाडौं/मस-वर्तमान सूचना प्रविधिले विश्वलाई कुनै पनि मुलुकको गाउँ, शहर र घर मात्र होइन, एक कोठामा सीमित गरिदिएको छ । अझैं भनौं भने प्रत्येक व्यक्तिको औंलामा सीमित गरिदिएको अनुभूति वर्तमान पुस्ताले गर्न थालेको छ ।

अहिले मोबाइल एपको माध्यमबाट मानिसले हरेक किसिमका सेवाहरु लिइरहेका छन् । आधुनिक विज्ञानको उपहारको रुपमा विकसित भइरहेको सूचना प्रविधिले मोबाइल एपको माध्यमबाट हरेक मानिसले मानव स्वास्थ्यसँग सम्बन्धित हरेक किसिमका स्वास्थ्य सेवा घरमै बसेर सहजै पाउन सकिन्छ भन्ने कुरा शनिबार सचेतनासहितको निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमले नयाँ सन्देश दिएको छ ।

'हेल्थ याद आयो' नामक नीजि क्षेत्रको संस्थाले काठमाडौं महानगरपालिका अन्तर्गत वडा नं. १४ वाफल स्थित कोहिनर हिल कलोनीमा शनिबार आयोजित निःशुल्क स्वास्थ्य परामर्श, परीक्षण तथा ल्याव परीक्षण सेवामा कलोनीभित्र र आसपासका बासिन्दाले पाएका हुन् । बिहान ७ बजेदेखि १२ बजेसम्म सञ्चालन

गरिएको उक्त शिविरमा कोलोनीमा बसोबास गर्ने १०७ आवास गृहका करिब ६० प्रतिशत बासिन्दाले विभिन्न किसिमका स्वास्थ्य सेवा लिएका थिए, भने एउटै व्यक्तिले मधुमेह, युरिक एसिड, रक्तचाप, छालारोग, दन्तरोग लगायतका थुप्रै निःशुल्क सेवा लिएका थिए ।

ललितपुर एकान्तकुनास्थित शोवा हेल्थ केयर सेन्टर र लाइफ क्वेष्ट क्लिनिकल ल्यावको सहकार्यमा सञ्चालित उक्त शिविरमा मधुमेह, युरिक एसिड, रक्तचाप र दन्तरोगको परिक्षण निःशुल्क गरिए तापनि अत्याधुनिक स्किन एनेलाइजर मेसीनद्वारा छाला सम्बन्धि रोगको परिक्षण (विश्लेषण सहित), अन्य विभिन्न किसिमका जटिल रोगहरुको लागि रगत तथा पिसाब संकलन र परिक्षणहरु एकदमै तोकिएको दररेट भन्दा कम न्यूनतम शुल्क अर्थात् ६५ प्रतिशतसम्म छुट दिइएको थियो ।

दुई वर्षको बालकदेखि ८३ वर्षका जेष्ठ नागरिकहरुले सेवा लिएको उक्त शिविरमा भिडियोको माध्यमबाट विभिन्न रोगका विशेषज्ञ चिकित्सकहरुले रोगको बारेका सचेतनामूलक लेक्चर दिएका थिए भने 'हेल्थ याद आयो' का प्रबन्ध निर्देशक प्रज्वल चुकेले शिविरमा आएका सेवाग्राहीहरुलाई मोबाइल एप डाउनलोड गर्ने, चलाउने तरिका र यसको माध्यमबाट देशभित्र तथा वाह्य मुलुका विभिन्न रोगका विशेषज्ञ चिकित्सकहरुसँग लिन सकिने स्वास्थ्य परामर्श सेवा सम्बन्धी जानकारी दिएका थिए । शिविरमा दाँत सम्बन्धी रोगको परीक्षण ३० जनाले लिए भने स्किन एनेलाइजर मेसीनद्वारा छाला सम्बन्धी रोगको परीक्षण २९ जनाले लिएको शोवा हेल्थ केयर सेन्टरकी बजार प्रबन्धक जस्मी कर्माचार्यले जानकारी दिइन् ।

एक वर्षअघि ललितपुर महानगरपालिका वडा नं. १ कुपण्डोलमा सेवा शुरु गरिएको 'हेल्थ याद आयो'का संस्थापक प्रबन्ध निर्देशक मोबाइल हेल्थ एपका परिकल्पनाकार तथा कम्प्युटर इन्जीनियर प्रज्वल चुकेका अनुसार मोबाइल एपकै माध्यमबाट सेवाग्राहीले घरमै बसेर काठमाडौं, ललितपुर, भक्तपुर, बुटवल, चितवन, पोखरा, नेपालगन्ज, विराटनगर, बिर्तामोड र भैरहवा लगायत नेपालको प्रमुख १० प्रमुख शहरहरुमा स्वास्थ्य परामर्श र ल्याव परीक्षण सेवा लिन सक्ने सुविधा उपलब्ध गराइएको छ । यसका साथै छिमेकी भारत, थाइल्याण्ड, मलेसिया र सिंगापुरका विभिन्न शहरहरुमा रहेका प्रसिद्ध अस्पतालका चिकित्सकहरुसंग भर्चुअल चिकित्सा परामर्श सेवा मोबाइल एपकै माध्यमबाट प्राप्त गर्न सकिने प्रबन्ध निर्देशक चुकेले बताए । 'हेल्थ याद आयो' का हेल्थ केयर व्यापार प्रबन्धक रिना भट्टराईले यस्तो किसिमको स्वास्थ्य शिविर भविष्यमा काठमाडौं उपत्यका बाहिर नेपालगञ्ज लगायत देशका प्रमुख शहरहरुमा सञ्चालन गरेर मोबाइल एपको माध्यमबाट स्वास्थ्य सेवा उपलब्ध गराउने योजना रहेको जानकारी दिइन् ।

उक्त शिविरको पुरै अवधिभर शिविरका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने कोहिनुर हिल कलोनी सञ्चालक समितिका पूर्व अध्यक्ष तथा गोरखापत्र दैनिक र नेपाल टेलिभिजनका पूर्व वरिष्ठ पत्रकार अच्युत अधिकारी, समितिका उपाध्यक्ष सुरेश शाक्य लगायत अग्रजहरुको सहभागिता रहेको थियो । शिविरमा 'हेल्थ याद आयो'को तर्फबाट ल्याव प्रमुख जीवन तिवारी, फर्मासिष्ट विवेक थापा, अनिष र सिमन लगायतले रगत संकलन तथा परामर्श सेवा दिएका थिए । सहकार्य गर्ने शोवा हेल्थ केयर सेन्टरको तर्फबाट दन्तरोग विशेषज्ञ डा.स्वीकृति सुवेदी, सानु तामाङ, आर्या चित्रकार र रचना सिलवालले स्वास्थ्य परिक्षण तथा परामर्श सेवा दिएका थिए भने लाइफ क्वेष्ट क्लिनिकल ल्यावका विशाल नेपाल र ल्याव असिष्टेन्ट सविना रावलले रगत संकलन र परीक्षण सेवा उपलब्ध गराएका थिए ।

विपद् व्यवस्थापनका लागि नीति निर्माण गर्न सुझाव संकलन

दिलमाया शाही/मध्यान्ह
जुम्ला, ५ जेठ

जुम्लामा विपद् व्यवस्थापनका लागि नीति तथा योजना निर्माण गर्न सुझाव संकलन गरिएको छ । एक कार्यशालाको आयोजना गर्दै विपद् व्यवस्थापन नीति तथा कार्यक्रममा समेटिनुपर्ने सुझाव संकलन गरिएको हो । बढ्दो प्राकृतिक प्रकोप र जलवायु परिवर्तनले समस्या निम्त्याइरहेको र समयमै स्थानीय सरकारले यस विषयमा जोड दिन सुझाव संकलन गरिएको छ ।

जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले जिल्लामा नदी दोहन रोक्ने नीतिलाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । उनले अघिपछि डोजर लगाउने र त्यही स्थानमा योजना माग्ने चलन भएकाले त्यसलाई रोक्नुपर्ने बताए ।

किर्डाक नेपालको आयोजना, वर्ल्डभिजन इन्टरनेश्नलको सहयोगमा आयोजना गरिएको कार्यशालामा चन्दननाथ नगरपालिकाका नगरप्रमुख राजुसिंह कठायतले नगरपालिकाले विपद्को क्षेत्रमा सबैभन्दा बढी बजेट विनियोजन गर्दै आइरहेको बताए । उनले कुनै विपद् आएमा अन्य योजना काटेर पनि विपद्मा जोड दिइने बताए ।

उपमेयर रामदेवी खड्काले जुगाँडखोला जोगाउने नीति कार्यक्रममा जौ करिडोर निर्माणमा तीव्रता दिने प्रतिबद्धता जनाइन् ।

प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले विपद्को भावी योजनाका लागि गरिएको कार्यक्रम महत्वपूर्ण रहेको बताए । एकीकृत रुपमा सबै मिलेर विपद्को सामना गर्न आजको आवश्यकता रहेको उनले बताए । उनले अग्रिम सूचना प्रणाली महत्वपूर्ण भएको बताए ।

त्यस्तै चन्दननाथ नगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष भीमबहादुर रावतले सिँचाई,कुल्हो, खानेपानीका मुहान सुक्दै जान थालेकाले समस्या भएको बताए । उनले सो अनुकुलका योजना, जथाभावी गिट्टी र बालुवा उत्खनन् रोक्ने नीतिमा लाग्नुपर्ने बताए । त्यस्तै चन्दननाथ नगरपालिका वडा नम्बर २ का अध्यक्ष हेम बुढथापाले जिल्लामा विपद् व्यवस्थापन बैंक आवश्यकता रहेको सुझाव दिए । त्यस्तै चन्दननाथ नगरपालिकाका विपद् शाखा प्रमुख लक्ष्मीचन्द्र न्यौपानेले नगरपालिकाले विपदको क्षेत्रमा काम गरिरहेको बताए । यो कार्यकालमा प्रति वर्ष ६० लाखको बजेट विपद् शाखामा विनियोजन गरिएको छ । उक्त कोषमा न्यूनतम १० लाख राख्ने गरिएको छ । नगरले विपद् ऐन, जलवायू अनुकुलन ऐन निर्माण गरी काम भइरहेको छ ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका ईश्वरा सुवेदीले नेपाल सरकारको सबै संरचनामा विपद् समितिको संरचना विषयमा जानकारी दिइन् । उनले विपद्मा सबैको सहकार्य आवश्यकता रहेको बताइन् ।

कार्यक्रममा गैरसरकारी संस्था महासंघ जुम्लाका अध्यक्ष टेकबहादुर रावतले सूचना एप्स निर्माण तथा वातावरणीय असरको प्रभाव रोक्ने विषयमा सबै एकजुट हुनुपर्ने बताए । नेपाल पत्रकार महासंघ शाखा जुम्लाका अध्यक्ष नेत्रबहादुर शाहीले जिल्लाको विपदको अवस्थाको तथ्यांक संकलन गरिनुपर्ने बताए ।

नेपाल-भारत सीमा बन्द

कृष्ण तिवारी/मध्यान्ह
रौतहट, ५ जेठ

भारतसँग सीमा जोडिएको रौटहटको नाका शनिबार राति १२ बजेदेखि ७२ घण्टाको लागि बन्द भएको छ । भारतमा पाँचौ चरणको लोकसभाको निर्वाचनको क्रममा सीमावर्ती क्षेत्रमा जेठ ७ गते निर्वाचन हुँदैछ । सो क्रममा नेपालबाट भारततर्फ तथा भारतबाट नेपालतर्फ आउन पूर्ण रुपमा प्रतिबन्ध लगाइएको छ ।

निर्वाचनलाई लक्षित गर्दै जेठ ५ गते शनिबार राति १२ बजेदेखि लिएर जेठ ७ गते राति १२ बजेसम्म रौतहटको राजदेवी नगरपालिकाको ब्रम्हपुरदेखि इशनाथ नगरपालिकाको बन्जरहासम्म सीमा नाकाहरु पूर्ण रुपमा बन्द रहने जिल्ला प्रशासन कार्यालय रौतहटले पत्र जारी गर्दै जानकारी गराएको छ । प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीद्वारा जारी पत्रमा राजदेवी नपा ९ ब्रम्हपुरदेखि लिएर इशनाथ नपा १ को बन्जरहासम्म शनिबार मध्य रातिदेखि भारततर्फ ओहरदोहर गर्न पूर्ण रुपमा रोक लगाइने बताइएको छ ।

यसैगरी छैठो चरणको निर्वाचन नजिकै शिवहर र चम्पारण क्षेत्रमा जेठ १० गते निर्वाचन हुँदा शिवहर र चम्पारणसँग रौतहटको सीमा लाग्ने भएको हुँदा जेठ ८ गते राति १२ बजेदेखि लिएर १० गते राति १२ बजेसम्म इशनाथ नगरपालिका १ देखि बौधीमाई ७ बंकुलसम्मको सीमानाका बन्द रहने प्रमुख जिल्ला अधिकारी रेग्मीले जानकारी दिए । निर्वाचन सकिएपछि सीमा नाकाहरु सुचारु हुने उनले बताए ।

मध्यान्हकर्मी पौडेल सम्मानित

दोहा, कतार/मस- लामो समयदेखि कतारलाई कर्मथलो बनाउँदै सामाजिक पत्रकारितामा सक्रिय मध्यान्हकर्मी तिलु शर्मा पौडेल सम्मानित भएका छन् । श्री सद्भाव युवा समाज कतारको १६औं वार्षिक साधारण सभाको अवसरमा पौडेललाई खादा, नेपाली टोपी, सम्मान पत्रसहित दोसल्ला ओढाएर सम्मान गरिएको हो ।

समाजका हरेक गतिविधिलाई समाचारको माध्यमबाट अतुलनीय योगदान पुऱ्याएको भन्दै पत्रकार पौडेललाई सम्मान गरिएको हो । सम्मानित भएपछि पौडेलले सामाजिक सञ्जाल फेसबुकमार्फत आफूलाई सम्मान गर्ने संस्थाका संस्थापकलगायत वर्तमान कार्यसमितिप्रति आभार व्यक्त गरेका छन् । यो सम्मानले झन् पत्रकारितामा दरिलो भएर कलम चलाउन हिम्मत र हौसला मिलेको शर्माले बताएका छन् ।

सन् २०१४ बाट पत्रकारिताको शुभारम्भ गरेका पौडेल गैरआवासीय नेपाली, वैदेशिक रोजगार तथा आप्रवासी कामदारका समाचारलाई प्राथमिकतामा राख्दै समाचार सम्प्रेषण गरिरहेका छन् ।

सामाजिकरुपमा विभिन्न सघं-संस्थामा आवद्ध रहेका पौडेल कतारमा निडर र निष्पक्ष पत्रकारिता गर्ने पत्रकारका रूपमा परिचित छन् । उनी यसअघि पनि विभिन्न संघसंस्थाबाट सम्मानित भइसकेका छन् । कतारमा रहेका नेपाली पत्रकारहरुमध्ये उनी निकै सक्रिय पत्रकारको सूचीमा पर्ने गर्छन् ।

माधवलाई...

प्रचण्ड, नेकपा एमालेका अध्यक्ष के पी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेबीच दिनहुँजसो भेटवार्ता चलिरहेको छ । विशेषगरी बिहीबारको संसद् बैठकमा एमाले र नेपाली कांग्रेसका सांसदहरुबीच धकेलाधकेल भएपछि सत्तारुढ नेताहरुको भेटवार्ता बाक्लिएको छ । बिहीबार साँझै प्रचण्ड, ओली र लामिछानेबीच भेटवार्ता भएको थियो । शुक्रबार पनि सम्वादमा बसेका यी नेताहरुबीच शनिबार पनि भेट भयो । शनिबार साँझ प्रचण्ड, ओली र लामिछानेबीच कुराकानी भएपछि नेपाली कांग्रेसका नेताहरुसँग वार्तामा बसे । तर यो निरन्तरको भेटवार्तामा एकीकृत समाजवादी सहभागी भइरहेको छैन । जबकी सत्ता समीकरणमा उक्त दल निर्णायक शक्ति हो । यद्यपि जनता समाजवादी पार्टी (जसपा), नेपाल विभाजन पछि अर्को सत्ता समीकरणको संभावना कमजोर बनेको छ । त्यसो हुँदा फेरि माओवादी केन्द्र नै निर्णायक शक्ति बनेको छ ।

सत्ता समीकरण फेरिएकाले एकीकृत समाजवादी नचाहेर पनि सरकारमै छ । सत्तारुढ भएपनि सरकारको निर्णयलाई अपनत्व लिन भने सकेको देखिदैन । त्यसको एउटा उदाहरण हो, बुधबार सम्पन्न केन्द्रीय कार्य समितिको बैठकबाट रवि लामिछानेमाथि छानबीन समिति गठनको माग गर्नु ।

जबकी यही माग राखेर कांग्रेसले संसद् अवरोध गरिरहेको छ । कांग्रेसको संसद् अवरोध निरन्तर चलिरहँदा त्यसको प्रतिवादमा एमाले उत्रिएको छ । एमाले र कांग्रेस एकअर्काविरुद्ध संसद्मा देखिदा राष्ट्रिय राजनीति ध्रुविकृत बनिरहेको छ । शुक्रबार विपक्षी दलहरुको बैठक नयाँ बानेश्वर स्थित संसद् भवनमा बसेको थियो ।

पहिलोपटक विपक्षीहरुले साझा धारणा तय गर्दा एकीकृत समाजवादीलाई समेत निम्तो गरिएको थियो । तर एकीकृत समाजवादी विपक्षीहरुको बैठकमा समेत जान सकेनन् । त्यसको कारण विपक्षीहरुको बैठकमा जान नसक्ने परिस्थिति पार्टीभित्रै हुनु हो । एकीकृत समाजवादीभित्र पूर्वप्रधानमन्त्री झलनाथ खनाल कांग्रेस सहितको समीकरण बनाउने निर्णयको विपक्षमा छन् । कांग्रेससँग समीकरणको साटो कम्युनिष्टहरुबीच सहकार्य र एकतासम्म पुग्नुपर्ने खनालको प्रस्ताव छ । अध्यक्ष नेपाल खनालको प्रस्तावमा समेत सहमत छैनन् । त्यसको कारण प्रधानमन्त्री बन्ने आकांक्षा हो । कांग्रेस नेतृत्वले अध्यक्ष नेपाललाई यसअघि आलोपालो प्रधानमन्त्री दिएको थियो भने गत २१ फागुनमा प्रधानमन्त्री बन्न प्रस्ताव लगेको थियो । प्रधानमन्त्रीकै प्रस्तावले माधव नेपाल सत्तारुढहरुको बैठकमा सहभागी हुन सकिरहेका छैनन् ।

सहकारी...

कार्यदलको बैठक आइतबार बिहान ८ बजे बस्ने तय भएको छ । कार्यदललाई संसदीय छानबिन समितिको कार्यक्षेत्र तय गर्ने र सिफारिस गर्ने अधिकार दिइएको छ ।

संकटमा ...

हुन आवश्यक नभएको र मोर्चा चलाउने काम आफ्नो नभएको बताएपछि पुरानै चार दल मात्रै कायम रहेका छन् ।

मोर्चा गठन भएको बेलामा रहेका चार दलमध्ये यतिबेला उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल सत्ताबाट बाहिरिएको छ ।

नेपाली मौलिकता सहितको समाजवाद स्थापना गर्ने र नेपालको संविधानको रक्षा, कार्यान्वयन र विकास गर्ने, विभेदरहित समाज स्थापना गर्ने लक्ष्य सहित मोर्चा गठन गरेको नेताहरुले दाबी गरेका थिए ।

संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै नेपाली समाजवादको बाटो तय गर्ने, वर्गीय तथा क्षेत्रीय विभेदको अन्त्य गर्ने, मानव विकास सूचकाङ्कमा पछाडि परेका मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशलाई प्रमुख प्राथमिकता राख्ने, जनताको नागरिक तथा आर्थिक अधिकारको संरक्षण, वित्तीय एकाधिकार तथा दलाल पूँजीवादी अर्थव्यवस्थाको विकल्पमा समाजवादी अर्थतन्त्रको आधार तयार पार्ने मोर्चाको उद्देश्य रहेको उनीहरूको भनाइ थियो ।

सोही अनुसार समाजवादी मोर्चालाई व्यवस्थित गर्न भन्दै चार दलले कार्यविधि नै बनाएका थिए । जुन कार्यविधिमा ७७ वटै जिल्लामा मोर्चाको संगठन विस्तार गर्नुका साथै गत २०८० साउन १२ देखि २२ सम्म सातै प्रदेशमा मोर्चाले संयुक्त कार्यक्रम गरेर अघि बढेका थिए ।

चार दलका शीर्ष नेताले चार-चार महिनामा मोर्चाको नेतृत्व गर्ने कार्यविधिमा उल्लेख गरेका थिए । यसैगरी चार दलका एकाएक जना नेता रहेको चार सदस्यीय समाजवादी मोर्चाको सचिवालय गठन पनि भएको थियो । मोर्चामा आबद्ध दलसँगको समन्वयमा कामकारबाही तथा गतिविधिलाई व्यवस्थित बनाउन कार्यविधिमै सचिवालयको काम, कर्तव्य र अधिकारबारे ६ बुँदे व्यवस्था गरेका थिए ।

सचिवालयमा एकीकृत समाजवादीका उपाध्यक्ष प्रमेश हमाल, नेकपा माओवादी केन्द्रका महासचिव देव गुरुङ, जसपाका वरिष्ठ नेता राजेन्द्र श्रेष्ठ र नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा छन् । नेताहरुका अनुसार मोर्चाको अर्को अध्यक्ष चयन गर्ने बेला भएको छ । तर मोर्चाको बैठक नै बस्न सकेको छैन ।

लोकतान्त्रिक...

र यमबहादुर क्षेत्री केसी चुनावी मैदानमा छन् ।

त्यस्तै सदस्य पदका लागि १६ जनाको उम्मेदवारी परेको थियो । सदस्यमा देवी प्रसाद गिरी, शालिकराम अधिकारी, दिपक कुमार राय, सौरभ आचार्य, खगेन्द्रकुमार सिंह, विद्यालक्ष्मी बज्राचार्य, अभिनयमान सिंह बस्नेत, उमेश घिसिङ, राजेश्वर यादव, टंक प्रसाद पंगेनी, ओम प्रकाश शिवाकोटी, सविता कुमारी सिंह, रोशना निरौला, जब्बार अलि, जंग लाल महतो र महेश कुमार श्रेष्ठ चुनावी मैदानमा छन् ।

एशोसिएसनमा अध्यक्षसहित प्रथम उपाध्यक्ष, द्वितीय र तृतीय उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष गरी ९ पदाधिकारी र १० सदस्य गरी १९ जनाको निर्वाचन हुनेछ भने ४ जना कार्यसमिति सदस्य निर्वाचित अध्यक्षले मनोनयन गर्ने व्यवस्था रहेको छ । निर्वाचित कार्यसमितिको कार्यकाल दुई वर्षको हुने व्यवस्था रहेको छ ।

वैदेशिक...

सदस्य तथा वरिष्ठ वैदेशिक रोजगार व्यवसायी अब्दुल सतारले वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउन सरकारबाटा आवश्यक काम नभएकाले प्रतिपक्ष दलको हैसियतमा रहेको नेपाली कांग्रेसले ध्यान दिन आग्रह गरे । केन्द्रीय सदस्य तथा व्यवसायी सीता देवकोटाले वैदेशिक रोजगार व्यवसायलाई संरक्षण गर्नेगरी नीति बनाउनुपर्ने बताइन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले सरकारी नीति निर्णयमा रहेको अस्थिरताले वैदेशिक रोजगार व्यवसायी र कामदार असुरक्षित बनेको भन्दै संघले सुधारका लागि निरन्तर जोड दिइरहेको उल्लेख गरे ।

एशोसिएसनका अध्यक्ष कुमुद खनालको सभापतित्वमा सम्पन्न साधारण सभामा एशोसिएसनका संस्थापक अध्यक्ष तिलकबहादुर रानाभाट, पूर्वअध्यक्ष विमल प्रसाद ढकाल, हाल सुनकोशी गाउँपालिका ओखलढुंगाका अध्यक्ष रहेका संघका पूर्वकार्यवाहक अध्यक्ष कमल तामाङलगायत वैदेशिक रोजगार व्यवसायमा संलग्न व्यवसायीले श्रमिकको समस्या समाधानका निम्ति हरसम्भव प्रयत्न गर्दै आएको बताए ।

त्यसअवसरमा कार्यक्रमका विशिष्ट अतिथि डा. शेखर कोइरालाले एशोसिएसनका संस्थापक अध्यक्षदेखि निवर्तमान कार्यसमिति र नयाँ सदस्यहरूलाई सम्मान तथा कदरपत्र र प्रमाणपत्र प्रदान गरे ।

मारमा परेका बताए । उनले 'भिजिट भिसा'मा विदेश जाने र त्यहाँ लुकेर काम गर्ने प्रवृत्ति बढेकाले त्यसलाई रोक्न सरकार लाग्नुपर्ने बताए । उनले राजनीतिक स्थायित्व नभएसम्म सुशासन कायम हुन नसक्ने भएकाले राजनीतिक स्थायित्वका लागि निर्वाचन प्रणाली परिवर्तन गर्न आवश्यक भएको बताए । जनताले सडकमा उठाएका सहकारीका समस्यालाई कांग्रेसले सदनमा पुऱ्याएको बताए ।

कांग्रेसका केन्द्रीय सदस्य एवम् वैदेशिक रोजगार समन्वय तथा आप्रवासन विभागका प्रमुख प्रकाश रसाइलीले कानूनअनुसार वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेका व्यवसायीलाई सरकारी निकायका केही पदाधिकारीले दुःख दिएको आरोप लगाउँदै व्यवसायीलाई संरक्षण प्रदान गर्न नेपाली कांग्रेस प्रतिबद्ध रहेको बताए । सोही दलका केन्द्रीय

Invitation for Online Quotations

Shivasatakshi Municipality
Office of the Municipal Executive
Koshi Province, Jahpa

Date of publication: 2081/02/06 (19-May-2024)

Shivasatakshi Municipality invite quotations for the Following Procurement as specified in Procurement Act 2063 and Regulation 2064.

Contract Number	Description of Work	Bid doc Fee	Bid Validity Period	Minmum Bid Security Amount	Bid Security Validity Period	Deadline for Submission Of Bid	Opening Of Bid
09/SM/SQ/ goods/2080/081	Suply and delivery Of Chilling Vat with storage tank and other tools	Nrs 1000	45 days After Bid opening	Nrs 49,000	30 days Beyond Validity of Bid	03-June-2024 12:00 Hours	03-June-2024 14:00 Hours

Information to deposit the cost of Bidding document in Bank
Name of the Bank: Nepal Investment Mega Bank Nepal LTD, Byangdada branch
Name of Office: Shivasatakshi Municipality
Office Account no.: 29601400000017
If Bidder wishes to submit the Cash Security ,the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. 29601400000048 on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD, Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.
A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.
If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..
The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

Chief Administrative Officer